# विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका(दोश्रो संशोधन),२०७३

नेपाल सरकार

**स्वास्थ्य मन्त्रालय**

रामशाहपथ, काठमाडौं

(यो कोष निर्देशिका मिति २०६९।५।२५ गते देखि लागू भएको हो ।)

**नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७१।४।२२ र मा.स्वास्थ्य मन्त्रिज्यूबाट २०७३।८।२८ मा संशोधन प्राप्त ।**

# विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका( दोश्रो संशोधन ),२०७३

नागरिक राहत,क्षतिपूर्ति तथा आर्थिक सहायता सम्वन्धी कार्यविधि (दोश्रो संशोधन), २०७३ को दफा १३ मा रहेको विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता उपलव्ध गराउन नेपाल सरकारले स्वास्थ्य मन्त्रालय अन्तरगत एक छुट्टै कोष स्थापना गर्न सक्ने उल्लेख भएको हुँदा कोष गठन तथा संचालन गर्न वान्छनीय भएकोले नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले यो निर्देशिका वनाई लागू गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस निर्देशिकाको नाम "विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका (दोश्रो संशोधन), २०७३ रहेको छ ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अस्पताल" भन्नाले यस निर्देशिकाको अनुसूची १ मा उल्लेख भएका अस्पतालहरु र समय समयमा विशेषज्ञ चिकित्सक सहितको संयुक्त अनुगमन टोलीको सिफारिसमा स्वास्थ्य मन्त्रालय (सचिवस्तर) को निर्णयबाट तोकेका अस्पतालहरु सम्झनु पर्छ ।

(ख) "कडारोग" भन्नाले मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी र सिकलसेल एनिमिया रोगहरु सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले यस निर्देशिका वमोजिम विपन्न नागरिकलाई कडा रोगको उपचारका लागि सेवा प्रदान गर्न गठन भएको "विपन्न नागरिक औषधि उपचार कोष" सम्झनु पर्छ ।

(घ) "निर्देशिका" भन्नाले "विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका((दोश्रो संशोधन), २०७३" सम्झनु पर्छ ।

(ङ) "विपन्न विरामी नागरिक" भन्नाले उप-दफा ३.३ मा गठित समितिले सिफारिस गरेको विपन्न विरामी नागरिक सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले स्वास्थ्य मन्त्रालय वुझ्नु पर्छ ।

(छ) "सिफारिस समिति" भन्नाले उप-दफा ३.३ मा गठित सिफारिस समिति सम्झनु पर्छ

(ज) "सम्पर्क केन्द्र" भन्नाले दफा ५(ध) वमोजिमको केन्द्र सम्झनु पर्छ ।

(झ) "व्यवस्थापन समिति" भन्नाले उप-दफा ७.१ मा गठित समिति सम्झनु पर्छ ।

(ञ) "विभाग" भन्नाले स्वास्थ्य सेवा विभाग, टेकूलाई सम्झनु पर्छ ।

(ट) "शोधभर्ना रकम" भन्नाले तोकेका अस्पतालहरुले उपचार सेवा प्रदान गर्दा लागेको रकम स्वास्थ्य सेवा विभाग समक्ष शोधभर्नाको लागि मागेको रकम सम्झनु पर्छ ।

(ड) "शाखा" भन्नाले स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखामा रहेको विपन्न नागरिक औषधि उपचार व्यवस्थापन शाखा बुझ्नु पर्छ ।

(ढ) "डायलाइसिस" भन्नाले मृगौलारोग लागेका विरामीलाई अस्पतालबाट प्रदान गरिने हेमोडायलाइसिस र पेरिटोनियल डायलाइसिस उपचार सेवा बुझ्नु पर्छ ।

## ३. विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता

३.१. आर्थिक रुपले विपन्न नागरिकलाई दफा २ (ख) मा उल्लेख भए अनुसारका रोग लागि नेपाल वा विदेशमा गई उपचार गराउंदा उप-दफा ३.३ बमोजिमको समितिको सिफारिसका आधारमा देहायबमोजिमको रकम वरावरको औषधि उपचार सहुलियत पाउनेछन् ।

(क) मुट रोग, क्यान्सररोग, अल्जाइमर रोग, पार्किन्सस रोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकल सेल एनिमिया रोगका विरामीका साथै मृगौला रोगको एक्युट रेनल फेलियर (Acute Renal Failure) भएका विरामीहरुले रु १ लाख सम्मको औषधि उपचार सुविधा ।

(ख) मृगौला रोगको डायलासिस गर्नुपर्ने विरामीहरुले तोकिएका सूचिकृत अस्पतालहरुबाट निःशुल्क डायलाइसिस सुविधा पाउने छन् ।

(ग) नेपालमा मृगौला प्रत्यारोपण गर्नुपर्ने विरामीलाई मृगौला प्रत्यारोपण गर्दा सुचिकृत अस्पताल मार्फत रु ४ लाख रुपैंया वरावरको औषधि उपचार सुविधा पाउने छन् ।

(घ) मृगौला प्रत्यारोपण पूर्वको परिक्षणका लागी(अंग ग्रहणकर्ता र अंग दाताका लागी) रु ५० हजार र प्रत्यारोपण पश्चात औषधि सेवनका लागि रु १ लाख गरि जम्मा १ लाख ५० हजार रुपैया आवश्यक कागजात, वील भर्पाइ लिई विपन्न नागरिक औषधि उपचार कोष व्यवस्थापन शाखा मार्फत विरामीलाई एकमुष्ठ शोधभर्ना दिइनेछ ।

(ङ) विरामीले सकभर स्वदेशकै अस्पतालमा उपचार गराउनु पर्नेछ, यदि विदेशमा गई उपचार गराउनु पर्ने भएमा नेपाल मेडिकल वोर्डवाट सिफारिस लिएको हुनुपर्नेछ । विदेशबाट उपचार गराएका विरामीहरुलाई अस्पतालको विल अनुसार मृगौला प्रत्यारोपण भएमा रु. २ (दुई) लाख र तोकिएका अन्य कडारोगको उपचारको हकमा रु १(एक) लाखमा नबढने गरी विभागले वील, भर्पाइ लिई सम्बन्धित विरामीलाई नगद रकम सोधभर्ना दिन सकिने छ । यसका लागि विरामीले वा निजका आफन्तले स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखामा उपचार गराउन विदेश जानु पूर्व निवेदन दिएको हुनु पर्नेछ । उपचारका क्रममा विरामीको मृत्यू भएमा विल, भर्पाइ लगायत आवश्यक कागजात लिई निजको नजिकका हकदारलाई सोधभर्ना रकम उपलब्ध गराइनेछ ।

(च) विपन्न नागरिकलाई प्रदान गरिने कडारोगहरुको उपचार सहुलियत सम्बन्धि विस्तृत विवरण अनुसूची-४ मा उल्लेख भए बमोजिम सम्बन्धित अस्पतालले सेवा/सुविधा प्रदान गर्नुपर्नेछ ।

३.२ (क) विपन्न नागरिकहरुले औषधि उपचार सहुलियत प्राप्त गर्न अनुसुचि २ बमोजिम स्थायी बसोवास रहेको स्थानिय निकायमा फाराम भरि सिफारिस लिनुपर्नेछ र उप-दफा ३.३ बमोजिमको समितिमा पेश गर्नुपर्नेछ ।

(ख) माथी खण्ड (क) बमोजिमको सिफारिस विरामीले मागेको बखत आवश्यक कागजात पुरा भएमा स्थानिय निकायले तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

३.३.आर्थिक रुपले विपन्न नागरिकलाई औषधि उपचार खर्च उपलव्ध गराउने प्रयोजनका लागि सिफारिस गर्न जिल्लास्तरमा देहायको सिफारिस समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | -अध्यक्ष |
| (ख) | जिल्ला ⁄ अंचल वा मौजुदा सरकारी अस्पतालका चिकित्सक | -सदस्य |
| (ग.) | जिल्ला जनस्वास्थ्य ⁄ जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख | -सदस्य सचिव |

**३.४. उप दफा ३.३ बमोजिम गठित समितिको सचिवालय जिल्ला जनस्वास्थ्य ⁄ स्वास्थ्य कार्यालयमा हुनेछ । उक्त सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,**

( १) विपन्न नागरिकले उपचारको लागि आवश्यक कागजात सहित दिएको निवेदन संकलन गर्नु पर्ने ।

(२) तोकिएको समय भित्र “सिफारिस समिति” बाट अनुसूचि ३ को ढांचामा निर्णय गराउनु पर्नेछ । सम्वन्धित अस्पतालबाट उपचारका लागि सिफारिस गर्न कुनै पत्र आवश्यक पर्नेछैन ।

(३) सिफारिस समितिको निर्णय विरामी वा विरामीको नजिकको हकदारले सूचिकृत अस्पतालहरु मध्ये जुनसुकै माग गरेको अस्पतालमा उपचारका लागि सिफारिस गरी पठाउनु पर्ने छ ।

(४) सामान्यतयाः निवेदन परेको वढीमा ३ (तीन) दिन भित्र सिफारिस गर्नु पर्नेछ । कारणवश ढिला भएमा सिफारिस पत्रमा निवेदन दिएको मिति समेत उल्लेख गर्नु पर्नेछ ।

(५) मासिक रुपमा उपचारका लागि सिफारिस गरी पठाईएका विरामीहरुको विवरण विद्युतिय प्रविधिमा समेत अभिलेख राखि अनुसूची-७ (क) र ७ (ख) अनुसार स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखामा पठाउनु पर्नेछ ।

(६) सिफारिस गर्दा पुरानो विवरण केलाई दोहोरो नपर्ने गरि मात्र सिफारिश गर्नुपर्नेछ ।

(७) सिफारिश गरिएका मध्ये के कति विरामीले उपचार सेवा लिएको हो सोको विवरण मासिक रुपमा प्राप्त गर्नु पर्नेछ ।

(८) विदेशमा गई उपचार गर्नुपर्ने भनी नेपाल मेडिकल वोर्डले सिफारिस गरेका विपन्न नागरिकलाई औषधि उपचार सहुलियतका लागि सिफारिस गर्दा स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखामा सिफारिस गर्नुपर्नेछ ,

(९) एक जना विरामीलाई एक भन्दा बढी तोकिएका कडारोगको उपचारका लागि सिफारिस माग गरेको खण्डमा सिफारिस दिनुपर्नेछ ।

३.५ यस निर्देशिका अनुसारका सम्पूर्ण काम कारवाहीका लागि स्वास्थ्य सेवा विभाग अन्तरगत व्यवस्थापन महाशाखामा एक शाखा रहनेछ र सोको लागि आवश्यक जनशक्ति स्वास्थ्य सेवा विभागले गर्नु पर्नेछ ।

३.६ स्वास्थ्य मन्त्रालयले औषधि उपचार प्रदान गर्ने अस्पतालहरुको न्यूनतम आधार तय गरी स्वास्थ्य मन्त्रालय(सचिवस्तर) को निर्णयबाट सूचीकृत गर्न तथा थप गर्न सकिने छ । यो निर्देशिका

एवम् मन्त्रालयको निर्देशन अनुरुप काम नगरेमा त्यस्ता अस्पतालहरुलाई सूचीबाट हटाउन सकिनेछ

## ४. विपन्न नागरिकले उपचार सेवा लिने तरिका :

१) विपन्न विरामीले उप-दफा ३.३ मा व्यवस्था भए वमोजिम स्थायी वसोवास भएको जिल्लाबाट समितिको सिफारिस सहित सम्वन्धित अस्पतालमा सम्पर्क राख्नु पर्नेछ ।

२) उपचार सेवाका लागि सिफारिस गर्दा उप-दफा ३.१ वमोजिम तोकिएका रोग लागेका विपन्न नागरिकलाई मात्र गर्नु पर्नेछ । तोकिएका रोग वाहेक अन्य रोगका लागि गरिएका सिफारिस मान्य हुनेछैन ।

३) उप-दफा ४ (१) मा तोकिएका रोगहरुको हकमा एक पटक भन्दा वढी सिफारिस लिन/दिन पाईने छैन । यस्तो सिफारिसको अभिलेख सम्वन्धित जिल्लाको जिल्ला जनस्वास्थ्य कार्यालय/स्वास्थ्य कार्यालय सचिवालयले स्पष्ट रुपमा राखि तोकिएको मासिक प्रतिवेदन विभागमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । एकै व्यक्तिलाई एक वा एक भन्दा बढी कडारोग लागेमा यो सुविधा उपलब्ध गराउन सकिनेछ ।

४) उप-दफा ४(२) वमोजिम सिफारिस गर्दा अनुसूची (३) मा उल्लेख भए बमोजिम कागजात संकलन गरि सिफारिस गर्नु पर्नेछ । जिल्ला स्तरीय सिफारिस नभै यो सुविधा उपलव्ध गराईने छैन ।

५) उप दफा (१) वमोजिमको समितिले सिफारिस गर्दा यस प्रयोजनका लागि तोकिएका अस्पतालहरु मध्ये विरामीको माग वमोजिम सम्वन्धित अस्पतालमा सिधै सिफारिस गरी पठाउनु पर्नेछ र यस्तो सिफारिसलाई सम्वन्धित अस्पतालले अनिवार्य रुपमा ग्रहण गर्नुपर्नेछ । यसका लागि विभागमा सिफारिस गर्न आवश्यक पर्ने छैन तर अनिवार्य रुपमा विभागमा जानकारी दिनु पर्नेछ । कुनै कारणवस सिफारिस गरिएको अस्पताल परिवर्तन गर्नु पर्ने भएमा विभाग वा सम्वन्धित जिल्लाबाट परिवर्तन गर्न सकिनेछ ।

## ५. सूचिकृत अस्पतालको काम, कर्तव्य र अधिकारहरु

(क) उप दफा ३.२ बमोजिम सिफारिस भई आएका विपन्न विरामीको अभिलेख विद्युतिय प्रविधिबाट समेत राखि अलग ,अलग फायल खडा गरि राख्नु पर्नेछ । दोहोरो सिफारिस भई आएमा सेवा प्रवाह नगर्ने र सोको जानकारी विभागलाई दिनु पर्नेछ ।

(ख) खण्ड (क) वमोजिमका विरामीलाइ सम्वन्धित चिकित्सक समक्ष प्रेषण गर्नुपर्नेछ ।

(ग) तोकिएको रकम सम्मको परिधिमा रही विरामीलाई चिकित्सकको सल्लाह वमोजिम आवश्यक पर्ने औषधि,औषधिजन्य सामाग्री, निदानात्मक सेवा, शल्यक्रिया, वेड आदि समेत अस्पतालले उपलव्ध गराउनु पर्नेछ, विरामीलाई खरिद गर्न लगाउन पाईनेछैन ।

(घ) उप दफा ३.१ वमोजिमको रकमको सीमा भित्र रही एकजना विरामीलाई उपचार सेवा एक पटक प्रदान गर्न सकिनेछ । एक अस्पतालबाट उपचार सेवा पाई सकेका सोहीरोगका लागि अर्को अस्पतालबाट समेत दोहोरिने गरी सेवा प्रदान गरिने छैन ।

(ङ) विपन्न विरामीलाई प्राप्त हुने सुविधाबापतको रकमको सर्वाधिक सदुपयोग हुने वातावरण अस्पताल आफैंले निर्माण गरिदिनु पर्नेछ । उपचार गर्ने सम्बन्धमा चिकित्सकको निर्णय अन्तिम हुनेछ ।

(च) लामो समय सम्म विरामीलाई उपचारका निमित्त पालो पर्खाउन पाइने छैन । बरु प्राथमिकता दिनु पर्नेछ ।

(छ) विपन्न विरामीले औषधि उपचार सेवा लिइरहेको अस्पतालबाट अन्य विपन्न सेवा उपलव्ध हुने अस्पतालमा थप उपचारको लागि प्रेषण गर्नुपर्ने भएमा विरामीले पाउनु पर्ने बाँकी रकम बराबरको उपचार सुविधा पाउन सक्नेछन् । यसको लागि सम्बन्धित अस्पतालबाट उपचार सुविधा पाएको रकम, प्रेषण पुर्जा र उप दफा ३.३ बमोजिमको समितिको निर्णयको प्रतिलिपी समेत सम्लग्न गरी सम्बन्धित अस्पतालमा पठाउनु पर्नेछ । सो को जानकारी विभागलाई गर्नुपर्नेछ । अनलाइन प्रविधिबाट समेत अभिलेख गरि प्रेषण गर्नुपर्नेछ ।

(ज) तोकिएको रकम भन्दा वढी रकम एक विरामीको लागि खर्च नहुने गरी स्पष्ट अभिलेखको व्यवस्था मिलाउनु पर्नेछ ।

(झ) खण्ड (ग) वमोजिम औषधि उपलव्ध गराएको अभिलेख अनुसूची ५(क) र अनुसूची ५(ख) बमोजिमको अभिलेख रजिष्टर तथा विद्युतिय रेकर्डिङ प्रविधिमा समेत अद्यावधिक गरि राख्नु पर्नेछ ।

(ञ) विपन्न नागरिक उपचार सेवा वापत सम्वन्धित विरामीलाई नगदै भुक्तानी दिन पाईने छैन ।

(ट) अस्पतालले चौमासिक रुपमा सेवाको विवरण र खर्च भएको रकम अस्पतालको सूचना पाटीमा सार्वजनिक गर्नुपर्नेछ ।

(ठ) अस्पताल प्रमुखले 'विपन्न विरामीको उपचारको सम्वन्धमा' समय समयमा मन्त्रालय/व्यवस्थापन महाशाखाले दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

(ड) अस्पतालले उपचार खर्चको सोधभर्ना माग गर्दा मासिक रुपमा अनुसूची-६(क), ६(ख) र ६(ग) बमोजिमको प्रतिवेदन फाराममा भरी व्यवस्थापन महाशाखामा प्रत्येक महिनाको ७ गते भित्र अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

ढ) खण्ड (ट) वमोजिमको उपचार सेवा वापत एक जना विरामीको उपचार गर्दा लागेको तोकिएबमोजिमको रकम विभागले सम्बन्धित अस्पताललाई शोधभर्ना गर्नेछ ।

ण) विरामी डिस्चार्ज हुंदा तोकिएको रकम मध्ये के कति रकम वरावर उपचार सेवा प्रदान गरिएको हो सो वारे विरामीलाई जानकारी दिइ सोही अनुसार अनुसूची ५(क) र अनुसूची ५(ख) बमोजिमको अभिलेख रजिष्टर तथा विद्युतिय रेकर्डिङ प्रविधिमा समेत अद्यावधिक राख्नु पर्नेछ ।

त) विरामी वा विरामीको कुरुवालाई प्रत्येक विलमा दस्तखत गराई अस्पतालको विरामी अभिलेख फायलमा दुरुस्त राख्नुपर्नेछ ।

थ) विरामी अस्पतालमा भर्ना भएकै अवस्थामा सम्वन्धित जिल्ला स्तरिय सिफारिस समितिको सिफारिश माग गरेको र सिफारिस प्राप्त गर्न ढिला भएको अवस्थामा डिस्चार्ज हुने दिनसम्म सिफारिश ल्याएमा सम्वन्धित अस्पतालले सम्वन्धित विरामीलाई तोकिएको रकम वरावर उपचार सेवा दिनु पर्नेछ । तोकिए भन्दा वढी रकमको सोधभर्ना/भुक्तानी हुनेछैन् । विरामीले सिफारिश माग गरेको जानकारी अस्पताल सम्पर्क केन्द्रलाई पूर्व जानकारी दिनु पर्नेछ ।

द) खण्ड(थ) बमोजिमका विरामीको उपचारका क्रममा मृत्यु भई उप दफा ३.३ बमोजिमको सिफारिस नल्याएमा अस्पतालका निर्देशक, उपचारमा सम्लग्न प्रमुख चिकित्सक र विपन्न नागरिक औषधि उपचार सम्पर्क केन्द्रका प्रमुखले सिफारिस गरेमा विरामीको खर्च भएको रकम सम्बन्धित अस्पतालले सोधभर्ना माग गर्न सक्नेछ ।

ध) यस निर्देशिका वमोजिम विपन्न नागरिकलाई माथि उप दफा २(ख) मा तोकिएका रोगहरुको उपचार सेवा प्रदान गर्ने सम्वन्धमा प्रभावकारी व्यवस्थापनको लागि अस्पतालले छुट्टै सम्पर्क केन्द्र खडा गर्नु पर्नेछ । सामाजिक सुरक्षा कार्यक्रम लागू भएका अस्पतालहरुका हकमा समन्वय गरि एउटै केन्द्रबाट सेवा प्रवाह गर्न सक्नेछन् । सेवा अभिलेख अलग, अलग राख्नुपर्नेछ र सेवा शुल्क दोहोरिने गरि प्रदान गर्न पाइनेछैन् ।

न) खण्ड (थ) वमोजिम खडा हुने सम्पर्क केन्द्रमा प्रर्याप्त जनशक्ति र प्रविधिको व्यवस्था गर्ने गराउने जिम्मेवारी अस्पताल प्रमुखको रहनेछ ।

प) खण्ड (थ) वमोजिम खडा गरिएको सम्पर्क केन्द्रको साईन वोर्ड सवैले देख्ने गरी सम्वन्धित अस्पतालमा अनिवार्य रुपमा राख्नु पर्नेछ ।

फ) सरकारी अस्पतालहरुले विपन्न नागरिकहरुलाई लागेको रोग उपचारमा आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामाग्रीहरुको सम्बन्धित विशेषज्ञ चिकित्सकको राय बमोजिम सूचि बनाई सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम खरिद गरि सोही मुताविकको शुल्क विरामिहरुलाई लगाउनु पर्नेछ । सरकारी वाहेकका अन्य सूचिकृत अस्पतालहरुका हकमा प्रतिस्पर्धी रुपमा खरिद गरि औषधि तथा औषधिजन्य सामाग्रीको मूल्य निर्धारण गर्नुपर्नेछ ।

ब) सोधभर्ना माग रकम झुठा ठहर भएको प्रमाणित हुन आएमा सम्बन्धित अस्पताल प्रमुख र सम्बद्ध कर्मचारीबाट असुल उपर गरिनेछ।

भ) विभागबाट सोधभर्ना रकम प्राप्त हुन ढिला भएमा पनि सेवा अवरुद्ध गर्न पाइनेछैन ।

म) कोष परिचालनको लेखांकन नेपाल सरकारको दोहोरो श्रेष्ता प्रणाली अनुसार महालेखा परिक्षकको निर्धारित ढाँचाका म.ले.प फारामहरु प्रयोग गरि तयार गर्नुपर्नेछ ।

य) अस्पताल दर्ता एवम् नविकरण स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका,**२०७०** अनुरुप भएको हुनुपर्नेछ ।

र) उपचार गर्ने अस्पतालल प्रेषण गरिएको संस्थामा विरामीको उपचार हुने यकीन भएपछि मात्र विरामी लाई प्रेषण गर्नुपर्नेछ ।

ल) विपन्न विरामीलाई अनुसूचि ८ को ढाँचामा विपन्न नागरिक औषधि उपचार सहुलियत कार्ड उपलब्ध गराउनु पर्नेछ ।

व) एक्युट रेनल फेलियर भई छोटो अवधि डायलाइसिस गराउनुपर्ने विरामीको हकमा उपदफा ३.३ बमोजिमको सिफारिशको आवश्यक पर्ने छैन् । अस्पताल प्रमुख वा निजले तोकेका व्यक्तिको स्वीकृतीमा निःशुल्क सेवा प्रदान गर्नुपर्नेछ । यसरी उपचार गराएका विरामीहरुको अभिलेख तथा प्रतिवेदन दुरुस्त हुनुपर्नेछ ।

## ६. स्वास्थ्य सेवा विभाग,व्यवस्थापन महाशाखाको काम,कर्तव्य र अधिकार

महाशाखाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छ ।

(१) वार्षिक बजेट योजना तयार तथा सम्बन्धित निकायमा पेश गर्ने,

(२) अस्पतालबाट प्राप्त सोधभर्ना सम्बन्धी मागको रकम यकीन गरि निर्णयका लागि व्यवस्थापन समितिको बैठकमा पेश गर्ने र निर्णय भए बमोजिमको रकम सम्बन्धित अस्पताललाई भुक्तानी गर्ने,

(३) अस्पतालहरुको उपचार सेवालाई गुणस्तरीय बनाउन नियमित अनुगमनको व्यवस्था गर्ने,

(४) स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखामा निवेदन दिई नेपाल मेडिकल वोर्डको सिफारिसमा तोकिएका कडारोग लागि विदेशमा उपचार पश्चात आवश्यक विल, भपाई पेश गरेका विपन्न नागरिकहरुलाई उप दफा ३ (घ) र (ङ) मा उल्लेख भए बमोजिमको औषधि उपचार खर्च रकम भुक्तानी गर्ने,

(५) मासिक रुपमा विपन्न नागरिक औषधि उपचार व्यवस्थापन समितिको बैठकको आयोजना गर्ने र उक्त बैठकमा यस कार्यक्रमको मासिक प्रतिवेदन पेश गर्ने ।

(६) विपन्न नागरिक औषधि उपचार सम्बन्धी अन्य आवश्यक कार्य गर्ने, यस सम्बन्धी कुनै विषयमा निर्णय गर्न कठिनाई भएमा प्रकरण ७.१ बमोजिमको समितिमा यथाशीघ्र पेश गर्ने,

(७) विपन्न नागरिक औषधि उपचार व्यवस्थापन शाखाले सूचिकृत अस्पतालहरुबाट प्राप्त प्रतिवेदनहरुको विश्लेषण गरि सोधभर्ना माग रकम र विरामी संख्या स्पष्ट देखिने गरि विवरण राख्नुपर्नेछ ।

(८) अस्पतालहरुबाट प्राप्त प्रतिवेदन अस्पष्ट भएमा अस्पतालसंग सोधपुछ गर्ने एवम् अनुगमनको व्यवस्था समेत गरि प्रतिवेदनलाई पारदर्शि तुल्याउने,

(९) व्यवस्थापन महाशाखाले विपन्न नागरिक औषधि उपचारको प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा समावेश गर्ने व्यवस्था मिलाउने ।

१०) विरामीको उपचार सेवाको गुणस्तरियता एवम् औचित्यताको आधारमा अस्पताललाई एकमुष्ठ वा पटक पटक गरि रकम उपलब्ध गराउन सक्नेछ ।

## ७. व्यवस्थापन समिति

७.१ विपन्न नागरिकहरुलाई कडारोगको औषधि उपचार सेवा गुणस्तरिय, व्यवस्थित एवम् पारदर्शि बनाउनका निमित्त आवश्यक निर्देशन, सिफारिस एवम् अस्पताल तथा विरामीको औषधि उपचार खर्च निर्धारण गरि निर्णय गर्न देहाय वमोजिम एक विपन्न नागरिक औषधि

उपचार व्यवस्थापन समिति रहनेछ । यस समितिको वैठक कम्तीमा महिनाको एक पटक वस्नेछ ।

(क) सचिव, स्वास्थ्य मन्त्रालय - अध्यक्ष

(ख) सह-सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सह-सचिव, गृह मन्त्रालय - सदस्य

(घ) अध्यक्ष, नेपाल मेडिकल वोर्ड - सदस्य

(ङ) प्रमुख, चिकित्सा सेवा महाशाखा, स्वास्थ्य मन्त्रालय - सदस्य

(च) महानिर्देशक, स्वास्थ्य सेवा विभाग - सदस्य

(छ) निर्देशक, व्यवस्थापन महाशाखा, स्वास्थ्य सेवा विभाग -सदस्य-सचिव

७.२ यस कार्यक्रमलाई विस्तार गर्नका साथै प्रभावकारी एवम् गुणस्तरी सेवाका लागि समग्र अनुगमन, निर्देशन, सिफारिस एवम् निर्णय गर्ने अधिकार उप दफा ७.१ को समितिलाई हुनेछ ।

७.३. यस कार्यक्रमलाई आवश्यक पर्ने थप बजेटको व्यवस्था स्वास्थ्य मन्त्रालयले मिलाउनु पर्नेछ ।

७.४ निर्देशिका अनुरुप विपन्न नागरिक औषधि उपचार कार्यक्रम कार्यान्वयनको सिलसिलामा आइपर्ने बाधा अडचनलाई व्यवस्थापन समितिको निर्णयबाट सम्बोधन गर्न सक्नेछ ।

७.५. अस्पतालले कडारोगको उपचार वापत लगाउने सेवा शुल्क स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका,२०७० को दफा ३० को अनुसूची ७ मा व्यवस्था भएको सेवा शुल्क निर्धारण समितिले गर्न सक्नेछ ।

## ८. जनशक्ति र बजेट व्यवस्थापन:

(१) स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखामा एक **विपन्न नागरिक औषधि उपचार व्यवस्थापन शाखा** रहनेछ ।

(२) कोषको शाखा संचालन, प्रशासनिक एव अनुगमन कार्यका लागि वार्षिक अनुमानित खर्च हुने रकमको **१ (एक)** प्रतिशतको परिधि भित्र रही विभागको वार्षिक वजेट तथा कार्यक्रममा विनियोजन गरि कार्य सम्पादन गर्नु पर्नेछ ।

## ९. कोषको व्यवस्था:

कोषको व्यवस्था देहाय वमोजिम प्राप्त रकम यस कोषमा रहनेछ ।

(क) नेपाल सरकारबाट सालवसाली वा समय समयमा अनुदानस्वरुप प्राप्त हुने रकम ।

(ख) स्वदेशी एवं विदेशी दातृ निकायबाट प्राप्त हुने रकम ।

(ग) क र ख श्रोतबाट प्राप्त हुने रकमको लेखा अलग अलग राख्नु पर्नेछ ।

(घ) यस कोषको रकम परिचालनका लागी खाता संचालन व्यवस्थापन महाशाखाका निर्देशक र विभागले तोकेको प्रमुख लेखा नियन्त्रक वा निजले तोकेको लेखा अधिकृतबाट हुनेछ ।

## १०. विरामीको वीमा रकम सम्वन्धमाः-

यो कार्यक्रम अन्तरगत औषधि उपचार सेवा प्राप्त गर्ने विरामीहरुले स्वास्थ्य वीमा वापतको रकम पनि प्राप्त गर्ने अवस्था रहेमा वास्तविक उपचार खर्चमा वीमाबाट प्राप्त हुने रकम कटाई बाँकी खर्चको विल मात्र यस निर्देशिका वमोजिम प्राप्त गर्ने औषधि उपचार खर्चको लागि गणना गरिनेछ ।

## ११. अभिलेख तथा प्रतिवेदनः

(१) विरामीको औषधि उपचार सम्बन्धी विवरण अनुसूची ५(क) र अनुसूची ५(ख) बमोजिमको अभिलेख रजिष्टर र सोही बमोजिमको विद्युतीय प्रविधि(सफ्टवेयर) मा समेत राख्नुपर्नेछ ।

(२) अस्पतालहरुले सेवा दिएका विरामीहरुको विवरण अभिलेख रजिष्टरबाट उतार गरि मासिक रुपमा अनुसूची-६(क), अनुसूची- ६(ख) र अनुसूची- ६(ग) बमोजिमको मासिक प्रतिवेदनमा उतार गरि प्रत्येक महिनाको ७ गते भित्र व्यवस्थापन महाशाखामा पठाउनु पर्नेछ ।

(३) उपचार गर्ने अस्पतालले प्रेषण गरिएको संस्थामा विरामीको उपचार सम्भव भएको यकीन भएपछि मात्र विरामीहरुलाई प्रेषण गर्नुपर्नेछ । विरामीहरुको स्पष्ट अभिलेख प्रेषण गर्ने अस्पतालले राख्नुपर्नेछ ।

## १२. नीरिक्षण/अनुगमन/मूल्यांकन व्यवस्थाः-

(१) विपन्न नागरिकलाई औषधि उपचार सेवा प्रदान गर्ने कार्यको अनुगमन गर्न, स्वास्थ्य मन्त्रालय अन्तरगतका चिकित्सा सेवा महाशाखा, जनस्वास्थ्य प्रशासन, अनुगमन तथा मूल्यांकन महाशाखा एवं स्वास्थ्य सेवा विभागका व्यवस्थापन महाशाखा र आर्थिक प्रशासन शाखाका प्रतिनिधिहरुको एक संयुक्त संयन्त्र रहनेछ । उक्त संयन्त्रले चौमासिक रुपमा अनुगमन गर्नुपर्नेछ ।

(२) विपन्न नागरिक औषधि उपचार कार्यक्रममा सूचिकृत हुनका लागि निवेदन पेश गर्ने अस्पतालको अनुगमन सम्बन्धित रोगको विशेषज्ञ चिकित्सक सहित उप दफा १२(१) मा उल्लिखित महाशाखा/शाखामा कार्यरत प्रतिनिधिहरु सम्मिलित संयूक्त अनुगमन टोलीको सिफारिसका आधारमा स्वास्थ्य मन्त्रालय (सचिवस्तर) को निर्णयबाट सूचिकृत गर्न सकिनेछ ।

(३) अस्पतालबाट दावी गरिएको औषधि उपचार सोधभर्ना माग रकम यकीन विपन्न नागरिक औषधि उपचार व्यवस्थापन शाखा र आर्थिक प्रशासन शाखाका प्रतिनिधिहरुबाट नियमित अनुगमन गरि यकीन गर्नुपर्नेछ ।

## १३. लेखापरीक्षणः-

१) दफा ६(२) वमोजिम प्राप्त भएको रकमको खर्चको विवरण सहित प्रचलित कानून वमोजिम लेखा परीक्षण गराउनु सम्वन्धित अस्पतालको कर्तव्य हुनेछ ।

२) उप दफा (१) वमोजिमको लेखा परीक्षणको प्रतिवेदन निजी, गैह्रसरकारी अस्पतालले मार्ग मसान्तसम्म तथा सरकारी अस्पतालले चैत्र मसान्तसम्म विभागमा वुझाउनु पर्नेछ । यस्तो

प्रतिवेदन यथासमयमा प्राप्त नभए प्रदान गरिएको उपचार सेवा वापतको रकम सोधभर्ना रोक्का गर्न सकिनेछ ।

(३) लेखा परिक्षण प्रतिवेदनमा विपन्न नागरिक औषधि उपचार वापत विभागबाट प्राप्त भएको रकमको आम्दानी र खर्चको विवरण छुट्टाछुट्टै देखिएको हुनुपर्नेछ ।

## १४.कारवाही हुनेः-

यस निर्देशिका विपरित कार्य गर्ने जिल्ला जनस्वास्थ्य कार्यालय/जिल्ला स्वास्थ्य कार्यालय, अस्पताल, अस्पताल प्रमुख तथा सम्पर्क केन्द्र प्रमुखलाई निजको सेवा शर्त सम्वन्धी प्रचलित कानून वमोजिम कारवाही हुनेछ । निजी तथा गैह्र सरकारी अस्पतालहरुको हकमा यस निर्देशिका विपरित कार्य गर्ने अस्पताललाई सोधभर्ना गर्नु पर्ने रकम रोक्का गरिनेछ । साथै मन्त्रालयले त्यस्ता अस्पताललाई सूचीबाट हटाउने र कसूर वमोजिम कानूनी कार्यवाही चलाउन सक्नेछ ।

## १५. खारेजी र बचाउः-

यो संशोधित निर्देशिका स्वीकृत भएको मिति देखि लागू हुनेछ । साथै निर्देशिका लागू भएको मिति देखि यस अघि यसै प्रयोजनका अन्य कार्यविधि, निर्देशिका वमोजिम भएका कार्यहरु यसै निर्देशिका वमाजिम भएको मानिनेछ ।

**अनुसूची १**

**प्रकरण २ (क) संग सम्बन्धित**

**विपन्न नागरिकहरुलाई औषधि उपचारका लागी सूचिकृत गरिएका अस्पतालहरु**

| सि.नं. | संस्थाको नाम | रोग |
|---|---|---|
| १ | चि.वि.रा.प्र.वीर अस्पताल, महाबौद्ध, काठमाडौं | मुटु, मृगौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| २ | त्रि.वि.वि.शिक्षण अस्पताल, महाराजगंज, काठमाडौं | मुटु, मृगौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| ३ | पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन, ललितपुर | मुटु, मृगौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| ४ | वि.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरी | मुटु, मृगौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| ५ | परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल, थापाथली, काठमाडौं | क्यान्सर |
| ६ | कान्तिवाल अस्पताल, महाराजगञ्ज, काठमाडौं | मुटु, मृगौला, क्यान्सर, |
| ७ | शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र,बांसवारी, काठमाडौं | मुटु |
| ८ | निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाडौं | क्यान्सर/ सिकलसेल एनिमिया |
| ९ | मनमोहन कार्डियो थोरासिक, भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, महाराजगंज, काठमाडौं | मुटु |
| १० | वि.पी कोइराला मेमोरीयल क्यान्सर अस्पताल, भरतपुर, चितवन | क्यान्सर |
| ११ | मानव अंग प्रत्यारोपण केन्द, भक्तपुर | मृगौला र मुटु |
| १२ | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा, कास्की | डायलाइसिस |
| १३ | नारायणी उपक्षेत्रिय अस्पताल, विरगंज, पर्सा | डायलाइसिस |
| १४ | राप्ती उपक्षेत्रीय अस्पताल दाङ | सिकलसेल एनेमिया, डायलाइसिस |

| | | |
|---|---|---|
| १५ | कोशी अञ्चल अस्पताल, विराटनगर, मोरङ | डायलाइसिस |
| १६ | जनकपुर अञ्चल अस्पताल, जनकपुर, धनुषा | डायलाइसिस |
| १७ | भेरी अञ्चल अस्पताल, नेपालगञ्ज, बांके | सिकलसेल एनेमिया |
| १८ | लुम्बीनी अञ्चल अस्पताल, बुटवल, रुपन्देही | सिकलसेल एनेमिया |
| १९ | सेती अञ्चल अस्पताल, धनगढी, कैलाली | सिकलसेल एनेमिया, डायलाइसिस |
| २० | नेपाल मेडिकल कलेज, जोरपाटी, काठमाडौं | डायलाइसिस |
| २१ | गण्डकी मेडिकल कलेज, पोखरा, कास्की | डायलाइसिस |
| २२ | युनिभर्सल कलेज अफ मेडिकल साईन्सेस, भैरहवा, रुपन्देही | डायलाइसिस |
| २३ | चितवन मेडिकल कलेज, शिक्षण अस्पताल, चितवन | मुटु, डायलाइसिस, क्यान्सर, अल्जाइमर, पार्किन्सन, हेड इन्जुरी, स्पाइनल इन्जुरी |
| २४ | कलेज अफ मेडिकल साइन्सेस, भरतपुर, चितवन | डायलाइसिस |
| २५ | नेपालगञ्ज मेडिकल कलेज, नेपालगञ्ज, बांके | डायलाइसिस |
| २६ | मणिपाल शिक्षण अस्पताल, पोखरा, कास्की | डायलाइसिस |
| २७ | भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर | क्यान्सर |
| २८ | राष्ट्रिय मृगौला उपचार केन्द्र, वनस्थली, काठमाडौं | डायलाइसिस |
| २९ | गोल्डेन अस्पताल प्रा.लि., विराटनगर, मोरङ | डायलाइसिस, हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ३० | वि.एण्ड.वि.अस्पताल, ग्वार्खो, ललितपुर | डायलाइसिस |
| ३१ | आरोग्य स्वास्थ्य प्रतिष्ठान, पुल्चोक, ललितपुर | डायलाइसिस |
| ३२ | नेशनल डायलासिस सेन्टर, बसुन्धरा, काठमाडौं | डायलाइसिस |
| ३३ | क्यान्सर केयर नेपाल, जावलाखेल, ललितपुर | क्यान्सर |
| ३४ | सिद्धार्थनगर सिटी हस्पिटल प्रा.लि., बुटवल, रुपन्देही | डायलाइसिस |
| ३५ | अल्का अस्पताल प्रा.लि., जावलाखेल, ललितपुर | डायलाइसिस |

| | | |
|---|---|---|
| ३६ | गौतमबुद्ध सामदायिक मुटु अस्पताल, बुटवल, रुपन्देही | मुटु र डायलाइसिस |
| ३७ | चरक मेमोरयल हस्पिटल प्रा.लि, पोखरा, कास्की | डायलाइसिस |
| ३८ | हिमाल हस्पिटल प्रा.लि., ज्ञानेश्वर, काठमाडौं | डायलाइसिस |
| ३९ | बयोदा हस्पिटल प्रा.लि., बल्खु, ललितपुर | मुटु र डायलाइसिस |
| ४० | काठमाण्डौं क्यान्सर सेन्टर, ताथली, भक्तपुर | क्यान्सर |
| ४१ | भेनस अस्पताल, मध्य वानेश्वर, काठमाण्डौं | डायलाइसिस |
| ४२ | राष्ट्रिय ट्रमा सेन्टर, महांकाल, काठमाण्डौं | हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ४३ | नोबेल मेडिकल कलेज, शिक्षण अस्पताल, विराटनगर,मोरङ | मुटु, डायलाइसिस, पार्किन्सन्स, अल्जाइमर, हेडइन्जुरी र स्पाइनल इन्जुरी |
| ४४ | नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. | क्यान्सर |
| ४५ | विरेन्द्र सैनिक अस्पताल, छाउनी, काठमाडौं | डायलाइसिस |
| ४६ | सुमेरु सामुदायीक अस्पताल, धापाखेल, ललितपुर | डायलाइसिस |
| ४७ | ग्राण्डी इन्टरनेशनल अस्पताल, धापासी, काठमाडौं | डायलाइसिस |
| ४८ | नेपाल स्वास्थ्य विकास तथा अनसन्धान सहकारी लि., विराटनगर, मोरङ | डायलाइसिस |
| ४९ | क्रिम्सन अस्पताल, मनिग्राम, ललितपुर | डायलाइसिस |
| ५० | ग्रिनसिटी अस्पताल प्रा.लि, धापासी, काठमाडौं | डायलाइसिस |
| ५१ | ओम हस्पिटल एण्ड रिसर्च सेन्टर, चावाहिल, काठमाडौं | डायलाइसिस |
| ५२ | लेकसिटी हस्पिटल एण्ड क्रिटिकल केयर प्रा.लि, बगालेटोल, पोखरा | डायलाइसिस |

| | | |
|---|---|---|
| ५३ | न्युरो कार्डियो मल्टिस्पेसियालिटी हस्पिटल, मोरङ, विराटनगर | हेड इन्जुरी, स्पाइनल इन्जुरी र मुटु |
| ५४ | घोडाघोडि अस्पताल, सुख्खड, कैलाली | सिकलसेल एनिमिया |
| ५५ | मेचि अंचल अस्पताल, भद्रपुर, झापा | डायलाइसिस |
| ५६ | पुर्णटुङ विर्ता सिटी अस्पताल, विर्तामोड, झापा | डायलाइसिस |
| ५७ | जानकी हेल्थकेयर अस्पताल प्रा.लि, जनकपुरधाम, धनुषा | डायलाइसिस |
| ५८ | महाकाली अञ्चल अस्पताल, महेन्द्रनगर | सिकलसेल एनिमिया |
| ५९ | जिल्ला अस्पताल बर्दिया | सिकलसेल एनिमिया |
| ६० | जिल्ला अस्पताल नवलपरासी | सिकलसेल एनिमिया |
| ६१ | जिल्ला अस्पताल कपिलबस्तु | सिकलसेल एनिमिया |
| ६२ | धुलीखेल अस्पताल, काभ्रेपलाञ्चोक | मुटु, डायलाइसिस, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर |
| ६३ | स्पाइनल इन्जुरी संघ, सांघा, काभ्रेपलाञ्चोक | स्पाइनल इन्जुरी |
| ६४ | विराटनगर अस्पताल प्रा.लि, विराटनगर, मोरङ | डायलाइसिस |
| ६५ | ओमसाई पाथीभारा हस्पिटल प्रा.लि, भद्रपुर, झापा | डायलाइसिस |
| ६६ | अन्नपुर्ण न्युरोलोजिकल एण्ड अलाइड साइन्सेज, माइतिघर, काठमाडौं | हेड इन्जुरी र स्पाइनल इन्जुरी |
| ६७ | भरतपुर अस्पताल, भरतपुर, चितवन | हेड इन्जुरी, स्पाइनल इन्जुरी, मुटु र डायलाइसिस |
| ६८ | किष्ट मेडिकल कलेज, इमाडोल, ललितपुर | डायलाइसिस |

अनुसूचि २

(उपदफा ३.२(क) संग सम्बन्धित)

**विपन्न नागरिकले स्थानीय निकायमा आवेदन गर्ने र स्थानीय निकायले विपन्न नागरिकहरुलाई सिफरिस गर्ने फाराम**

| | | |
|---|---|---|
| ☐ | वैयत्तिकः विरामीको नाम उमेर/लिंगः<br><br>ठेगानाः स्थायी अस्थाई<br><br>जातीगत विवरणः ब्राम्हण/क्षेत्री/आदिवासी/जनजाती/ दलित/अल्पसंख्यक/अन्य<br>परिवार संख्या | |
| ☐ | - आयस्रोतः- पेशा/व्यवसायः<br>परम्परागत कृषिः<br>रोजगारी (स्वदेशी/बिदेशी)<br>उद्यम/व्यवसायः अनुमानित मासिक आयः | |
| ☐ | - जग्गा जमिन (क्षेत्रफल/स्थान समेत)<br>- भौतिक संरचना (घर/टहरा आदिको संख्या/कच्ची/पक्की)<br>- सवारी साधन<br>- बैंक मौज्दात<br>- सुनचाँदी<br>नगद | |
| ४ | विरामीको प्रकारः मूटू, मृगौला, क्यान्सर, पार्किन्सन, अल्जाइमर, हेड इन्जूरी, स्पाइनल इन्जूरी र सिकलसेल एनिमिया | |
| ५ | सम्लग्न कागजातहरु:क) विरामीको नागरिकताको प्रतिलिपी (वालकको हकमा जन्म दर्ताको प्रतिलिपी)ख) रोग निदान भएको प्रेस्कीप्सन | |
| ६ | उपर्युक्त बमोजिम ठिक साचो हो झूठा ठहरे सहूंला बूझाउला ।<br>निवेदकको नाम:<br>ठेगाना:<br>दस्तखत:<br>मिति:<br>सम्पर्क नं. | |
| ७ | सिफारिस गर्ने कर्मचारीको नाम:<br>पद<br>दर्जा:<br>मिति:<br>कार्यालयको छाप: | |

# अनुसूची ३

(उपदफा ३.२.२(१) संग सम्बन्धित)

जिल्लास्तरिय सिफारिस समिति सचिवालयलाई आवश्यक पर्ने कागजातका विवरण

विपन्न विरामी नागरिकको ओषधोपचार सिफारिस गर्दा देहायबमोजिमको व्यहोरा खुलाउनु पर्ने विवरण

- विरामीको नाम, थर र ठेगाना, ना.प्र.प.नं.
- विरामी १६ वर्ष मुनिको भएमा जन्म दर्ता नं.( सम्पर्क फोन नं. खुलेको हुनु पर्ने )
- विरामीको नागरिकताको प्रतिलिपि (१६ वर्ष मुनिको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि)
- उपचारको लागि तोकिएको अस्पतालमा सिफारिस ।
- रोग पहिचान भएको चिकित्सकको प्रिस्क्रिप्सनको संक्षिप्त व्यहोरा ।
- उपचार सेवाका लागि सिफारिस गरिएको भन्ने र समितिको निर्णयको प्रतिलिपि संलग्न गरी पठाउने ।
- विरामी विपन्न नागरिक भएको व्यहोरा खुल्नु पर्ने ।

# अनुसूची -४

## कडारोगहरुको उपचार सहुलियत विवरण

**१. मृगौला रोग**

क. अल्पकालिन रुपमा मृगौलाले काम नगरेको (Acute Renal Failure)

ख. दीर्धकालिन रुपमा मृगौलाले काम नगरेको (Chronic Renal Failure)

ग. Acute Glumerulo Nephritistis and Nephritic Syndrome भएका विरामीहरु ।

घ. मृगौला खराव भै Dialysis गर्नु पर्ने भएमा ।

ङ. मृगौला प्रत्यारोपण गर्नुपर्ने भएमा ।

च. मृगौला प्रत्यारोपण गरे पश्चात औषधि सेवन गर्नुपर्ने भएमा ।

१.१. माथि क, ख, ग,घ र ङ मा उल्लेखित अवस्थाको निदान तथा उपचारका लागि आवश्यक पर्ने औषधि, औषधिजन्य सामग्रीहरु, शैंया तथा सेवा शुल्कहरु ।

**२. मुटु रोग**

क. विभिन्न प्रकारका मुटु जस्तैः महाधमनीको शल्यक्रिया गर्नुपर्ने विरामीहरु ।

ख. मुटुमा पेसमेकर तथा स्टेन्ट राख्नु परेमा, एब्लेशन गर्नुपरेमा । मुटुको भल्भ पूर्णरुपमा क्षति भएको या मुटु फेल भएको उपचारका लागि ।

**३. क्यान्सर रोग**

क. विभिन्न प्रकारका क्यान्सर रोग र ती सम्बन्धी शल्यक्रिया, थप निदानात्मक सेवा, केमोथेरापी, रेडियोथेरापी, औषधि, औषधिजन्य सामाग्री, शैया तथा सेवा शुल्कहरु ।

**४. पार्किन्सन्स रोग**

पार्किन्सन्स रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरु ।

**५. अल्जाईमर्स रोगः**

अल्जाइमर्स रोगमा प्रयोग हुने थप निदानात्मक सेवा, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरु ।

**६. स्पाईनल ईन्जुरी :**

दुर्घटनाजन्य(Accidental) र चोटपटकजन्य (Traumatic) विरामीहरुलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामाग्रीहरु, थप निदानात्मक सेवा, शैया, सेवाशुल्कहरु तथा पुर्नस्थापना सेवा सहित ।

**७. हेड ईन्जुरी :**

दुर्घटनाजन्य(Accidental) र चोटपटकजन्य (Traumatic) विरामीहरुलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामाग्रीहरु, थप निदानात्मक सेवा, शैया, सेवाशुल्कहरु तथा पुर्नस्थापना सेवा सहित ।

**८. सिकल सेल एनिमिया रोगः**

यो रोगलागेका विरामीहरुलाई शल्यक्रिया, औषधि तथा औषधिजन्य सामग्रीहरु, थप निदानात्मक सेवा, शैया, सेवाशुल्कहरु ।

**अनुसूची ५ (क)**

## अस्पतालको नामः

बुढि औलाको औठाको छाप वा फोटो

विरामीको नामः उमेरः लिङ्गः म/पु/तेश्रो नागरिकता नं./जन्म दर्ता नं. (बालकको लागी):

बुवाको नामः आमाको नामः रोगको किसिमः

ठेगानाः जिल्लाः न.पा/गा.वि.स वडा नं. टोलको नामः सम्पर्क फोन नं.

उपचारमा आएको मितिः विपन्न दर्ता नं

| क.सं. | विरामी उपचार तथा फलो-अपमा आएको मिति | | उपचार सेवा तथा उपचार खर्च सम्बन्धी विवरण | | | | | विरामीले निःशुल्क उपचार सुविधा पाउने अधिकतम रकम | बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ओ.पि.डी | निदान | अस्पतालको शैया | शल्यक्रिया खर्च | औषधिहरु | उपचारमा खर्च भएको जम्मा रकम | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

नोटः विपन्नको सिफारिस पत्र,चिकित्सकको पुर्जा,खर्चको वील, भपाई आदि सम्लग्न गरी अनिवार्य रुपमा छुट्टाछुट्टै फायलीङ गर्नु पर्नेछ र कैफियत महलमा मृत्यु , प्रेषण भएमा सो उल्लेख गर्ने ।

अनुसूची ५ (ख)

फोटो

(मृगौला प्रत्यारोपण/डायलाइसिस सेवा सँग सम्बन्धित)

**अस्पतालको नामः**

बुढि औलाको औठाको छाप वा फोटो

विरामीको नामः उमेरः लिङ्गः म/पु/तेश्रो नागरिकता नं./जन्म दर्ता नं. (बालकको लागी):
बुवाको नामः आमाको नामः रोगको किसिमः

ठेगानाः जिल्लाः न.पा/गा.वि.सः वडा नं. टोलको नामः सम्पर्क फोन नं.
उपचारमा आएको मितिः विपन्न दर्ता नं

| साल र महिना | उपचारको किसिम (हेमोडायलासिस/पेरिटोनियल डायलासिस/मृगौला प्रत्यारोपण/.. ) | डायलासिस पटक(सेसन) (विरामी महिनाको कति औ सेसनमा आएको हो सो महलमा सेवा प्रदायकले √ चिन्ह दिई गते लेख्ने वा सेवामा अनुपस्थित भएमा ० चिन्ह लेख्ने ) | | | | | | | | | | | | | | यस महिनाको जम्मा सेसन संख्या (पटक) | हालसम्म लिएको जम्मा सेसन(पटक) | यस महिनाको खर्च रकम | जम्मा खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |

नोटः विपन्नको सिफारिस पत्र,चिकित्सकको पुर्जा,खर्चको वील, भपाई आदी सम्लग्न गरी अनिवार्य रुपमा छुट्टाछुट्टै फायलीङ गर्नु पर्ने र कैफियत महलमा मृत्यु , वा प्रेषण वा अन्य केहि भएर सेवा लिन नआउने निश्चित छ भन्ने सूचना आएमा सो उल्लेख गर्ने ।

# अनुसूची-६ (क)

## विपन्न वर्गलाई कडा रोग उपचार सेवा गरिएको प्रतिवेदन फाराम

सम्वन्धित अस्पतालः मितिः

मासिक/चौमासिक/वार्षिक आर्थिक वर्षः २०७.. साल .....आषाढ.....महिनाको प्रतिवेदन ।

| क्र.सं. | जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालय | उपचार गरिएको संख्या (नयाँ विरामीहरु) | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुटु | क्यान्सर | मृगौला | | | | पार्किन्सस | अल्जाइमर्स | हेड इन्जुरी | स्पाइनल इन्जुरी | सिकलसेल एनिमिया | | |
| | | | | प्रत्यारोपण | डायलासिस | पेरिटोनियल डायलासिस | औषधि उपचार | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| जम्मा नयाँ विरामी संख्या | | | | | | | | | | | | | | |
| यस महिनामा उपचार गरिएका पुराना विरामीको संख्या | | | | | | | | | | | | | | |
| प्रेषण गरिएका विरामी संख्या | | | | | | | | | | | | | | |

नामः नामः

पदः पदः

दस्तखतः दस्तखत

## अनुसूची-६ (ख)

विपन्न वर्गलाई कडा रोग सम्वन्धित उपचार सेवा गरिएको प्रतिवेदन फाराम

अस्पतालः

मासिक/चौमासिक/वार्षिक मितिः

आर्थिक वर्षः २०७.. साल ..........महिनाको प्रतिवेदन ।

| सि.नं | सिफारिस भई आएको जिल्ला | दर्ता नं. | | विरामीको नाम | उमेर | | | नागरिकता नं. | रोगको किसिम | उपचारमा खर्च भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ | पुरानो | | महिला | पुरुष | तेश्रो लिङ्गी | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तयार गर्ने
नामः
पदः
दस्तखतः

सदर गर्ने
नामः
पदः
दस्तखत

## अनुसूची-६ (ग)

विपन्न वर्गलाई मृर्गौला रोग सम्वन्धि हेमोडायलासिस, पेरिटोनियल डायलासिस, मृगौला प्रत्यारोपण तथा मृगौला रोग उपचार सेवाको प्रतिवेदन फाराम

अस्पतालः

मासिक/चौमासिक/वार्षिक

मितिः

आर्थिक वर्षः २०७.. साल ..........महिनाको प्रतिवेदन ।

| सि.नं | सिफारिस भई आएको जिल्ला | उपचार सुरु गरेको मिति | विरामीको नाम | उमेर | | | सेवाको विवरण | डायलासिस सेसन संख्या | खर्च रकम | हाल सम्म डायलासिस सुविधा लिएको जम्मा सेसन संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म. | पु | तेश्रो लिंङ्गी | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तयार गर्ने
नामः
पदः
दस्तखतः

सदर गर्ने
नामः
पदः
दस्तखत

**अनुसूची-७ (क)**

विपन्न वर्गलाई कडा रोग उपचारका लागि सिफारिस गरिएको प्रतिवेदन फाराम

मितिः

जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालय

मासिक/चौमासिक/वार्षिक आर्थिक वर्ष : २०७.. साल ..........महिनाको प्रतिवेदन ।

| क्र.सं. | सिफारिस गरिएको अस्पताल | सिफारिस गरिएको संख्या | | | | | | | | जम्मा सिफारिश गरिएका विरामी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुटु | क्यान्सर | मृगौला | पार्किन्सस | अन्जाइमर्स | हेड इन्जुरी | स्पाइनल इन्जुरी | सिकलसेल एनिमिया | |
| १ | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्नेः
नामः
पदः
दस्तखतः

सदर गर्ने
नामः
पदः
दस्तखत

## अनुसूची-७(ख)

### विपन्न वर्गलाई कडा रोग उपचारका लागि सिफारिस गरिएको प्रतिवेदन फाराम

जिल्ला जनस्वास्थ्य / स्वास्थ्य कार्यालय मितिः

मासिक / चौमासिक / वार्षिक आर्थिक वर्षः २०७.. साल ..........महिनाको प्रतिवेदन ।

| क्र.सं. | विरामीको नाम | उमेर | | | नागरिकता प्र.प.नं. / जन्म दर्ता नं. | ठेगाना | सिफारिस गरिएको अस्पताल | रोगको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | तेश्रो लिंङ्गी | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने
नामः
पदः
दस्तखत

सदर गर्ने
नामः
पदः
दस्तखत

**अनुसूची-८**

**विपन्न नागरिक औषधि उपचार सहुलियत कार्ड**

**अस्पतालको नामः**

दर्ता नं.

विरामीको फोटो

नामः उमेर/ लिंगः
ठेगानाः
जन्म मितिः
रोगको किसिमः
नागरिकता नं./जन्म दर्ता नं.:
सम्पर्क नं.

**कार्ड प्रदान गर्नेको नामः**
दस्तखतः
मिति